# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय,

# गाल्जे कालीकोट

**वार्षिक  नीति तथा कार्यक्रम र बजेट**

**आर्थिक वर्ष २०८०। ०८१**

**मिति २०८० साल आषाढ १० गते**

**तिलागुफा नगरपालिका**
गाल्जे, कालिकोट
१३ औं नगर सभामा प्रस्तुत आगामी आर्थिक बर्ष २०८०/०८१ को
**वार्षिक नीति तथा कार्यक्रम र बजेट बक्तव्य**
**मिति २०८०।०३।१० गते**

सभाध्यक्ष ज्यू ,
प्रमुख अतिथि ज्यू,
विशेष अतिथिज्यू,
राजनीतिक दलका केन्द्रीय समितिका सदस्यज्यूहरु,
निवर्तमान नगर प्रमुख श्री रत्न बहादुर शाही ज्यू,
भू.पू जनप्रतिनिधिहरु (सांसद,जि.वि.स सभापति, जि.वि.स.सदस्य, गा.वि.स अध्यक्ष)
नगर स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु ,
नगरपालिकाका विषयगत समितिका संयोजकज्यूहरु
सम्पूर्ण नगर कार्यपालिकाका पदाधिकारीज्यूहरु ,
सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु
नगर शिक्षा समितिका पदाधिकारी ज्यूहरु ,
नगर स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं प्रधानाध्यापक ज्यूहरु ,
यस नगरपालिकाका सम्पूर्ण बजार व्यवस्थापन समितिका अध्यक्ष एवं प्रतिनिधि ज्यूहरु
गै.स.स.का प्रमुख एवं प्रतिनिधि ज्यूहरु ,

सम्पूर्ण नगर स्थित सामाजिक संजालका प्रमुख एवं प्रतिनिधि ज्यू, (महिला, दलित जनजाति,जेष्ठ नागरिक,वालवालिका, शहिद परिवार,घाइते )पत्रकार बन्धुहरु,/सुरक्षाकर्मी / यस नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस तिलागुफा नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को को वार्षिक निति तथा कार्यक्रम र बजेट सार्वजनिकीकरण समारोहमा पाल्नु भएका सवै पेशा, वर्ग सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम तिलागुफा नगरपालिका,कालिकोटको तर्फवाट हार्दिक स्वागत गर्दछु ।

यस तिलागुफा नगरपालिकाको सम्मानित १३ औं नगर सभा समक्ष नगरको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक वर्ष २०८०।०८१ को समग्र नीति तथा कार्यक्रम कार्यान्वयनको दस्तावेजको रुपमा यो बजेट गरिमामय सभाको समुद्घाटन समारोह समक्ष प्रस्तुत गरिरहँदा अत्यन्तै गर्वको महसुस गरेको छु ।

यस बजेटले आर्थिक,सामाजिक, पूवार्धार,संस्थागत, साँस्कृतिक र प्राकृतिक श्रोत साधनको संरक्षण तथा विपद् व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरुको समष्टिगत रुपान्तरणको रणनैतिक महत्व राख्ने अपेक्षा समेत राखेको छु । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सबलीकरण र स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि गर्दै यस नगरपालिकाको समृद्धि र विकासका निम्ति लगानीमैत्री वातावरणको महत्वपूर्ण आधार स्तम्भ निर्माण तथा दिगो व्यवस्थापन गर्दै नगर सरकारको सुशासनका लागि थप टेवा पुग्ने आशा गरिन्छ । संघीयताको मर्म बमोजिम स्थानीय तहको स्वःशासनको लागि नेपाली जनताले विभिन्न कालखण्डमा गरेका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै मिति २०७९ साल असोजमा आएको अविरल वर्षाका कारण ज्यान गुमाउन पुगेका तिलागुफा नगरपालिका वडा नं ४ का वडा अध्यक्ष श्री परबहादुर शाही लगायत सम्पूर्ण प्रति भावपूर्ण श्रद्धाञ्ली व्यक्त गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता,

राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज नेतागणहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको वर्तमान संविधानले अंगिकार गरेको आवधिक निर्वाचन प्रणाली संघीय लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो । राज्यको पुर्नरसंरचना पश्चात दोस्रो पटक मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन बाट निर्वाचित यस नगर सरकारका सम्पूर्ण जनप्रतिनिधि ज्यूहरुले विगत आ.व.०७९।०८० को प्रस्तावित लक्ष्य बमोजिमको कामकारवाही पूर्ण रुपमा सम्पन्न गर्नु भएकोले हार्दिक धन्यवाद दिन चाहन्छु । नवनिर्वाचित जनप्रतिनिधिबाट अपेक्षा अनुसारको शासन तथा सेवाको प्रभावकारी कार्यान्वयन गर्दे नगरको विकास र समृद्धिमा यस नगर पालिकाको ११ औं नगर सभाबाट स्वीकृत **" कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार "** भन्ने नाराको पूर्ण कार्यान्वयनमा महत्वपूर्ण योग्दान रहने विश्वास लिएको छु । संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय आर्थिक निति, प्रदेश सरकारको नीति, तथा नगरवासीले स्थानीय तहको योजना तर्जुमा प्रकृयाका विभिन्न चरणहरु पार गर्दे बस्ती स्तरबाट माग तथा प्राथमिकरण गरी पठाईएका योजना तथा कार्यक्रम, विषयगत क्षेत्र विज्ञ तथा सरोकारवाला संघ संस्थाहरुको सुझाव सहित वर्तमान परिस्थितिको अध्ययन अनुसन्धान र मूल्यांकन गरी नगरमा उपलब्ध सिमित स्रोतसाधनको न्यायोचित वितरण गर्ने मार्गदर्शक निति अबलम्बन गर्दे यस नगरपालिकाका नागरिकको दैनिक जिविकोपार्जनको पद्धतिमा केही परिवर्तन गर्ने गरी बजेटका प्राथमिकता र लक्ष्य निर्धारण गरी यो बजेट तयार पारिएको छ । जनचाहनालाई सम्बोधन गर्ने क्रममा सिमित बजेटबाट असिमित मागहरु सम्बोधन गर्नु पर्ने कठिनाई भएता पनि नगरपालिकाको वर्तमान आवश्यकता र दीर्घकालीन लक्ष्यलाई मनन गर्दै नगरको सार्वजनिक महत्वका विषयहरुसँग जोडिएका क्षेत्रहरुको दिगो विकासमा टेवा पुग्ने र नगरवासीहरुको जीवन स्तरमा प्रत्यक्ष सरोकार राख्ने आर्थिक तथा सामाजिक सशक्तिकरणसँग सम्बन्धित योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी यो बजेट विनियोजन गर्ने प्रयास गरिएको छ र आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमले जनताको मागमा आधारित स-साना पूर्वाधार विकासका आयोजनाका अतिरिक्त जनताको दैनिक जिवन र आर्थिक उन्नतिसँग जोडिएका सबालहरु ( कृषि,पर्यटन,रोजगार, स्वास्थ्य ,शिक्षा,उद्योग, व्यवसाय, सिप विकास र बजारीकरण) लाई विशेष प्राथमिकता दिइनेछ । राज्यका तिनै तहका सरकारहरु मध्ये संघ तथा प्रदेश सरकारले भौतिक पूर्वाधार विकासका क्षेत्रमा लगानी गर्ने आयोजनाहरु सम्बन्धित सरकारलाई प्रस्ताव गर्दे आगामी आर्थिक वर्षको लागि यस नगरपालिकालाई संघ तथा प्रदेश सरकारबाट नियमित रुपमा प्राप्त हुने राजस्वबाँडफाँड तथा वित्तिय समानीकरण अनुदानको मात्रामा व्यापक कटौती भई आएकोले बस्ती स्तरबाट प्रस्ताब गरीएका निति,योजना तथा कार्यक्रमलाई शतप्रतिशत कार्यान्वयन गर्न सकिने अवस्था नरहेता पनि सो आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र विकास साझेदार संघ संस्थाहरुसँग समन्वय गर्ने निति अवलम्बन गरिएको छ । मुख्यतया आगामी आर्थिक वर्षको बजेट संघ तथा प्रदेश सरकारको शून्य अनुदानमा यस नगर भित्र स्थापित शैक्षिक संस्था, स्वास्थ्य संस्था र नगर अस्पतालको जनशक्ति व्यवस्थापन देखि संस्थाको भौतिक पूर्वाधार लगायत संस्थागत विकासमा ठूलो अंशको बजेट व्यायभार पर्ने भएको हुँदा अन्य क्षेत्रमा सोचे जतिको लक्ष्य हाँसिल गर्न सक्ने अवस्था देखिदैन । तथापी १२ औं नगर सभाले पारित गरेका निति तथा कार्यक्रमहरुले अवलम्वन गरेका लक्ष्य उद्देश्यहरु देशव्यापी चालु आर्थिक वर्ष २०७९।०८० मा देखिएको आर्थिक मन्दीका कारण प्राप्त हुने नियमित अनुदानमा व्यापक कटौति भएकाले सोचे जतिको लक्ष्य प्राप्त गर्न नसकिएको तितो अनुभव छ । साथै विगतका सभाले पारित गर्दै आएका कार्यक्रमहरुको भुक्तानी दिनुपर्ने रकम भुक्तानी गर्दा प्रत्येक आर्थिक वर्षमा दायित्व सर्ने प्रकृया जल्दोबल्दो छ ।

**सभाध्यक्ष ज्यू ,**

यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट तर्जुमा गर्दा निम्नानुसारका आधारहरु लिएको छ :-

१ नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग ऐन २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
५.संघ तथा प्रदेश सरकारले आगामी आ.व. २०८०।०८१ का लागि जारी गरेको नीती कानुन र मापदण्डहरु
६. नगरपालिकाको आन्तरिक श्रोत साधन
७. टोल बस्ती, वडा कार्यालय तथा विषयगत समितिहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु
८. नगरपालिकाद्धारा आयोजित अन्तरक्रिया छलफलबाट प्राप्त सुझावहरु
९.संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक नितिहरु
१०.विभिन्न साझेदार संघसंस्थाहरुसँग भएका सहकार्यका प्रतिवद्धता आदि
११.संघीय तथा प्रदेश सरकारबाट प्राप्त प्राप्त वित्तिय हस्तान्तरण सम्बन्धी मार्गदर्शन
१२. नगरपालिकाले निर्माण गरेको ऐन,नियम मापदण्ड र कार्यविधिहरु ,
१३ स्थानीय तहको योजना तर्जुमा मापदण्ड

**सभाध्यक्ष महोदय,चालु आ.व. २०७९।०८० को निति तथा कार्यक्रम र बजेटले लिएका उद्देश्य बमोजिम भएको एकीकृत प्रगतिको सारांश प्रगति पेश गर्न अनुमति चाहान्छ :**

- चालु आर्थिक वर्षको असार ८ गते सम्म चालु खर्च तर्फ कूल विनियोजनको ६२.९ प्रतिशत र पूँजीगत तर्फ ४८.३८ खर्च भएको छ ।
- सामुदायिक विद्यालयमा कार्यरत विद्यालयका कर्मचारी, बाल विकास केन्द्रका शिक्षक शिक्षिका र निजि स्रोतमा सञ्चालित सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको सेवा सुविधामा थप अनुदानको उपलब्ध गराइएको ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक नक्सांकन र शैक्षिक सुधार मापदण्ड तयार गरी नगर स्तरीय आधारभूत तहको परीक्षा प्रणालीलाई एकद्धार प्रणाली मार्फत मूल्यांकन गरिएको ।
- विद्यालय स्तरीय एकीकृत अनुगमन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको ।
- विद्यालयको जनशक्ति व्यवस्थापन तथा संस्थागत सुदृढीकरणका लागि माप दण्ड तयार गरिएको ।
- शिक्षासँग मेयर कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयको भवन निर्माण, शैचालय निर्माण,छाना मर्मत,छात्रवृत्ति वितरण, विद्यालय घेरवार र फिल्ड निर्माण जस्ता आयोजनाहरु छनोट गरी करिब १८ वटा विद्यालयहरुमा भौतिक पूर्वाधारको कार्य सम्पन्नका साथै ११ जनालाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृति वितरणको व्यवस्था मिलाईएको ।
- शिक्षासँग सरोकारवाल पक्षहरु विच शैक्षिक कार्य सम्पादन सम्झौता कार्य थालनी गरिएको ।
- श्री सत्यदेवी बहुमुखी क्याम्पसको पूर्वाधार निर्माणको कार्य सम्पन्न गरिएको ।
- यस नगरपालिका भित्र सञ्चालित सम्पूर्ण विद्यालयहरुमा निर्धारित समयमै पाठ्यपुस्तक वितरण गरी समयमै अध्ययन अध्यापन कार्यका लागि प्रबन्ध मिलाइएको ।

- स्नीटरी प्याड निर्माण सम्बन्धी स्थानीय स्तर मै तालिम सञ्चालन गरिएको ।
- स्वास्थ्य तथा गरिबि निवारणका लागि जनतासँग उपमेयर कार्यक्रमबाट प्रत्येक वडा ५ जनाका दरले ५५ जना एकल तथा विधुवा महिलालाई उनीहरुको आर्थिक उन्नतीको लागि ५५ ओटा बाखा वितरण गरी बाखापालन कार्यक्रमलाई व्यवसायिकरण गरिएको
- स्वास्थ्य तथा गरिबि निवारणका लागि जनतासँग उपमेयर कार्यक्रमबाट विभिन्न सामुदायिक स्वास्थ्य ईकाईको मर्मत सम्भार तथा दिगो व्यवस्थापनका लागि १० वटा स्वास्थ्य संस्थाहरुमा औषधी आपूर्ति र पूर्वाधार निर्माण कार्य सम्पन्न ।
- विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा सञ्चालनका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग द्धिपक्षीय सम्झौता गरी नगर अस्पताल राँचलीमा सेवा सुचारु रहेको ।
- निशुल्क स्वास्थ्य विमा सञ्चालनमा रहेको ।
- ६ वटा आधारभूत स्वास्थ्य सेवा इकाईमा प्रसुती केन्द्र निर्माण गर्ने क्रममा रहेको ।
- सामुदायिक विद्यालयमा नर्सिंग सेवा सञ्चालनका लागि मापदण्ड बनाईएको ।
- बहुउपयोगी खानेपानी गुरु योजना निर्माणाधिन
- एक घर एक सुधारिएको चुलो कार्यक्रम सञ्चालनका लागि प्रस्तावना पेश गरिएको ।
- वाल विवाह मुक्त वडा घोषणा जस्ता सचेतनामूलक कार्यक्रमहरु वडा स्तरमा सञ्चालन गरिएको ।
- स्थानीय कला संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत बाल विवाह, छुवाछुत न्यूनीकरण जस्ता सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको ।
- नगरपालिकामा चालु आ.व. २०७९।०८० का लागि ११ औं नगर सभाले पारित गरेका पूर्वाधार आयोजनाहरुमा सिंचाई : १० , खानेपानी १० , सडक ६, विद्युत १ , झो.पू. १ स्वास्थ्य चौकी भवन २,सामुदायिक विद्यालय भवन ७, पुलपुलेसा १ , बाटोघाटो २०, मठमन्दिर १०, र तटबन्धन ५, वृक्षारोपण वटा आयोजनाहरुको कार्य सम्पन्न भएको ।
- मिति २०७९ आश्विन १९ गते देखि २५ गते सम्म आएको अविरल वर्षाका कारण क्षति ग्रस्त भौतिक संरचना पुर्ननिर्माणका लागि विभिन्न निकायमा प्रस्तावना पेश गरिएको र मानविय क्षति पुगेका घरधुरीहरुको लागि विशेष आर्थिक सहायता तथा राहत वितरणका कार्यक्रमहरु सञ्चालन गरिएको ।
- मिति २०७९ आश्विन १९ गते देखि २५ गते सम्म आएको अविरल वर्षाका कारण क्षति करिब ८६ बटा निजि आवासहरुको लगत संकल्न गरी विस्तृत प्राविधिक प्रतिवेदन सहित पुर्ननिर्माणको लागि पुर्ननिर्माण प्राधिकरणमा प्रस्तावना पेश गरिएको ।
- यस नगरपालिकालाई आवश्यक पर्ने विभिन्न ऐन,नियम, कार्यविधि, मापदण्ड, योजना गरी करिब ७६ वटा कानूनहरुको निर्माण कार्य सम्पन्न गरि स्थानीय राजपत्रमा प्रकाशन समेत गरिएको ।
- नगरको क्षेत्राधिकार भित्र रहेको निजि तथा सार्वजनिक जग्गाहरुको भू उपयोग क्षेत्र वर्गिकरण गरी उपलब्ध जग्गाहरुको न्यूनतम् दर रेट कायम गर्न जिल्ला मालपोत कार्यालयलाई अनुरोध गरिएको ।
- अन्तर सरकारी तथा गैर सरकारी संस्थाहरुसँग यस नगरपालिकाको विकास तथा आर्थिक उन्नतिमा प्रतिकूल नहुने गरी विभिन्न सन्धी सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइएको ।
- यस नगरपालिकाको वडा नं ९ को टाम्का र वडा नं १ को मालिकाकाँधमा एकीकृत बस्ती विकास योजना तयार गरी लागु गरिएको ।

- नगर अस्पताल राँचुलीको एकीकृत भौतिक संरचना निर्माण गर्न न्यूनत्म मापदण्ड बमोजिमको डिपिआर प्रतिवेदन तयार गरी सोही बमोजिम संघीय सरकारबाट अनुदान प्राप्त गरी निर्माण कार्य सञ्चालनमा रहेको ।
- यस नगरपालिकामा उत्पादन हुने विभिन्न रैथाने बालीहरुको उत्पादन,प्रवर्द्धन,संरक्षण र बजारीकरणका लागि प्रस्तावना तयार गरी सम्बन्धित निकायहरुमा पेश गरिएको ।
- यस तिलागुफा नगरपालिकाको वडा नं १,३,४,५,६,७ र ८ मा राष्ट्रिय प्रशारण विस्तार गरिएको र लाइन विस्तार हुन बाँकी वडाहरुमा लाइन विस्तारको लागि सम्बन्धित निकायहरुमा पहल गरिएको ।
- विद्युत लाइन नपुगेका वडा तथा बस्तीहरुमा सौर्य उर्जा,जडानका लागि कार्य थालनी गरिएको ।
- प्रधानमन्त्री तथा मुख्यमन्त्री कार्यक्रमबाट जनतालाई प्रत्यक्ष लाभहुने करिब ३० वटा आयोजनाहरु सञ्चालन गरि ३४३ जनालाई रोजगारी उपलब्ध गराईएको ।
- लघुउद्यम तथा आत्मनिर्भर कार्यक्रम मार्फत १०५ जनालाई सिप विकास तालिम सञ्चालन गरी १५ जनाले व्यवसाय थालनी गरेका ।
- स्थानीय सरकार घरदैलोको सिंहदरबार भन्ने नारालाई पूर्ण कार्यान्वयन गर्न एकीकृत घुम्ती शिविर जस्ता कार्यक्रमहरु बस्तीस्तरमा सञ्चालन ।
- यस नगरपालिकाको आयोजनामा नगरस्तरीय मेयरकप खेलकूद प्रतियोगिता,जिल्ला स्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता र प्रदेश स्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितामा खेलाडीहरुलाई विभिन्न विधामा सहभागी गराइएको ।
- नगरको महत्व झल्किने लोगो र नारा प्रयोगमा ल्याइएको ।
- न्यायिक समितिको बैठक संचालन तथा कार्यालय व्यवस्थापनको लागि छुटटै कार्य कक्ष व्यवस्थापन गरी चालु आ.व.मा १५ वटा मुद्धाहरुको फछ्यौट गरिएको ।
- महिला प्रजन्न स्वास्थ्य शिविर तथा आँखा शिविर सञ्चालन गरी ६० वर्ष माथि वृद्धवृद्धालाई निशुल्क शलक्रियाको व्यवस्थापन गरिएको ।
- स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी सरोकारवालासँग सुझाव संकल्न कार्यशाला गोष्ठी संचालन गरिएको ।
- नगर अस्पतालमा फार्मेशी सेवा शुरु गरिएको ।

**अब म आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्धेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।**

(क) नगरबासीहरुको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्दै जाने ,

(ख) आर्थिक भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ नगर बनाई राष्ट्रको विकासमा टेवा पुयाउने ।

(ग) उपलब्ध श्रोत र साधनको उच्चतम प्रयोग गर्दै सन्तुलित र न्यायोचित वितरण गर्ने ।

(घ) विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

(ङ) रोजगारी श्रृजना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(च) मौलिक हकको रुपमा रहेको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्ने,

(छ) प्रभावकारी सेवा मार्फत सुशासन र मितव्ययितामा आधारित नगरपालिका निर्माण गर्ने,

(ज) दिगो विकासका लक्ष्यहरु पूरा गर्ने,

(झ) एकीकृत कृषि तथा पशु विकासका कार्यक्रमहरु मार्फत नागरिकको आर्थिक सशक्तिकरणमा टेवा पुयाउने

(ञ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी आवश्यक पूर्वाधार तयार गर्ने,
(ट) रैथाने वालीहरुको संरक्षण प्रवर्द्धन र बजारीकरण गर्दै कृषि आत्मनिर्भर नगरपालिका घोषणाको अभियान साकार पार्ने ।
(ठ) खेलकूद जगतमा नगरपालिकाको सहभागिता सुनिश्चित गर्दै, प्रत्येक माध्यामिक विद्यालयमा एक जना खेलकूद प्रशिक्षकको व्यवस्थापन गरिने,

**आर्थिक वर्ष २०८०।०८१ को बजेटका प्राथमिकता क्षेत्रहरु निम्नानुसार छन ।**

(क) शिक्षा,यूवा तथा खेलकूद विकास
(ख) स्वास्थ्य सेवा प्रभावकारी कार्यान्वयन
(ग) खानेपानी तथा सरसफाई विकास
(घ) पशु तथा कृषि विकास
(ङ) वन, वातावरण, सरसफाई एवं हरियाली तथा विपद् व्यवस्थापन
(च) सहकारी, रोजगार प्रवर्द्धन र बजारीकरण
(छ) कृषिको उत्पादकत्व अभिवृद्धि
(ज) सूचना प्रविधि तथा डिजिटल सेवा
(झ) पर्यटन, तथा उद्योग र वाणिज्य
(ञ) लैंगिक समानता, महिला सशक्तिकरण र समाजिक समावेशीकरण
(ट) राजस्व व्यवस्थापन
(ठ) कर्मचारी प्रशासन, जनशक्ति विकास,
(ढ) सिप विकास तथा प्रविधि हस्तान्तरण
(ड) ग्रामीण सडक, पुलपुलेसा, नविकरणीय उर्जा,रोजगार र मागमा आधारित पूर्वाधार विकास

**सभाध्यक्षज्यू,**

राजस्व परामर्श समितिको सिफारिस, श्रोत अुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिस र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसको आधारमा आगार्मी आर्थिक वर्ष २०८०।०८१ को लागि आय र व्ययको अनुमान प्रस्तुत गरेको छु ।

**संञ्चित कोष बाट विनियोजन हुने रकम**

| क स | शिर्षकहरु | चालु आ.व. २०८०-०८१ प्रक्षेपण बजेट | |
|---|---|---|---|
| | | कुल जम्मा | कैफियत |
| **क** | **समानिकरण अनुदान,राजश्व वाँडफाँड र आन्तरिक आयको क्षेत्रगत विनियोजन** | | |
| १ | आर्थिक विकास तर्फका योजना तथा कार्यक्रमहरु | ८४००००० | चौरासी लाख |
| २ | सामाजिक विकासका योजना तथा कार्यक्रमहरु | ५३३५०००० | पाँच करोड तेतीस लाख पचास हजार |
| ३ | पुर्वाधार विकासका योजना तथा कार्यक्रमहरु | ६१४००००० | छ करोड चौध लाख |

| | | | |
|---|---|---|---|
| ४ | वन वातानरण तथा विपद् व्यवस्थापनका योजना तथा कार्यक्रम | २२६९००० | बाइस लाख उन्नसत्तरी हजार मात्र |
| ५ | संस्थागत तथा सेवा प्रवाहका योजना तथा कार्यक्रमहरु | १०१२६९००० | दश करोड बाह्र लाख उन्नसत्तरी हजार |
| | **जम्मा** | २२६६८८००० | बाइस करोड छैसठी लाख अठासी हजार |
| ख | **संघीय सरकार तथा प्रदेश सरकाबाट प्राप्त** | | |
| १ | **सशर्त अनुदान संघीय सरकार** | २१५५०००००० | एकाइस करोड पचपन्न लाख |
| २ | संघीय सरकार सम्पूरक | ६०००००० | साठी लाख |
| ३ | सामाजिक सुरक्षा | ९३०००००० | नौ करोड तीस लाख |
| ४ | सशर्त अनुदान प्रदेश सरकार | २२२७०००० | दुई करोड बाइस लाख सत्तरी हजार |
| ५ | सम्पूरक अनुदान प्रदेश सरकार | १९९००००० | एक करोड उन्नसय लाख |
| ७ | जम्मा सशर्त संघीय सरकार तथा प्रदेश सरकार | ३५८६७०००० | पैतीस करोड छयासी लाख सत्तरी हजार |
| | **कूल जम्मा नगरपालिका तर्फ** | ५८५३५८००० | उन्ठाउन्न करोड त्रिपन्न लाख अन्ठाउन्न हजार मात्र |
| ग गैर सरकारी संस्था तथा अन्य संघ संस्था | | | |
| १ | नेपाल रेडक्रस सोसाइटी | १०००००००० | एक करोड |
| २ | कर्णाली जलपरियोजना | २५०००००० | दुई करोड पचास लाख |
| ३ | सहयोगी हातहरुको समूह सहास नेपाल | ५८२३४४० | अन्ठाउन्न लाख तेइस हजार चार सय चालीस |
| ४ | किर्डाक नेपाल सेभ द चिल्ड्रेन | ४९७३३८२ | उन्नपचास लाख त्रियत्तर हजार तीन सय बयासी रुपैया |
| | गैर सरकारी संस्था तथा अन्य संघ संस्था तर्फ | ४५७९६८२२ | चार करोड सन्ताउन्न लाख छयान्नबे हजार आठ सय बाइस रुपैया |
| | कूल जम्मा | ६३११५४८२२ | त्रिसठी करोड एघार लाख चब्न्न हजार आठ सय बाइस रुपैया मात्र |
| | | | |

अब म आर्थिक वर्ष २०८०|०८१ कूल बजेट रु ६३,११,५४,८२२ (त्रिसठी करोड एघार लाख चब्नन हजार आठ सय बाइस रुपैया मात्र । विनियोजन गरेको व्यहोरा अवगत गराउन चाहान्छु ।

## सामाजिक विकास समिति

### १. शिक्षा युवा तथा खेलकुद

- नगरपालिका भित्रका बालविकास सहयोगी कार्यकर्ता, नगरको स्रोत साधनबाट सेवा सुविधा प्राप्त गर्ने शिक्षक तथा विद्यालयका सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिम सेवा सुविधा प्रदान गरिने कार्यलाई निरन्तरता दिइने छ ।

- नगरपालिका भित्रका विद्यालयहरुको नक्सांकन गर्न सरोकारवालाहरुसँग समन्वय गरी विद्यालय समायोजन र दरबन्दी मिलान गर्ने व्यवस्था मिलाईनेछ ।
- खेलकुद क्षेत्रको विकासको लागी खेल प्रशिक्षकको व्यवस्था गरि नियमित खेलकुद कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- उच्च शिक्षा अध्ययनका लागि यस नगरमा एउटा बहुमुखी क्यामपस स्थापनाका लागि पहल गरिने छ ।
- नगरपालिकाभित्रको विद्यालय शिक्षालाई सुधार गरी गुणस्तरमा अभिवृद्धि गर्न सबै शैक्षिक सरोकारवालाहरुसँग समन्वय गरी **विद्यालय शिक्षा सुधार कार्यक्रम** लागु गरिनेछ ।
- वाल विकास तथा आधारभूत विद्यालयका न्यूनतम मापदण्ड तयार गरी नमूना वाल विकास र विद्यालयको रुपमा विकास गरिनेछ ।
- बहुअपांगताका कारण नियमित विद्यालय गई पठनपाठन गर्न नसक्ने बालबालिकाहरुको लागि **घरमै विद्यालय** कार्यक्रम मार्फत आधारभूत शिक्षामा पहूँच पुयाउने व्यवस्था मिलाइने छ ।
- शिक्षकहरुलाई विद्यालयमा शिक्षण सिकाईको क्षेत्रमा प्राविधिक सहयोग प्रदान गर्न शैक्षणिक स्रोत व्यक्तिको व्यवस्था मिलाईने छ ।
- शिक्षाको उज्यालो किरणबाट कुनै पनि बालबालिकालाई बञ्चित हुन नदिन अनिवार्य विद्यालय भर्ना कार्यक्रम अभियानका रुपमा संचालन गरिने छ ।
- तिलागुफा नगरपालिकाको विस्तृत जानकारी आम विद्यार्थीहरुको माझ पुयाउने लक्ष्यका साथ यस नगरपालिकाले आफ्नो छुट्टै पाण्डुलिपी तयार गरी सम्पूर्ण सामुदायिक विद्यालयमा लागु गरिने छ ।
- उमेर कक्ष र तह सुहाउँदो क्रियाकलाप मार्फत विद्यार्थीको सर्वांगीण विकासका लागि शैक्षिक सत्र भरिमा कम्तीमा १ पटक माध्यमिक विद्यालयहरुले आ आफनो विद्यालयहरुमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरु विच गणित र विज्ञान प्रर्दशनीको सञ्चालनलाई अनिवार्य गरिने छ ।
- संघ संस्थाहरुको समेत सहयोग लिई विद्यालय उमेर समूहका सबै बालबालिका समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा भित्रयाउन विद्यालयले विचमै विद्यालय छाड्ने दरलाई कम गर्न सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सबै शिक्षकहरुलाई प्रधानाध्यापकसँग र प्रधानाध्यापकहरुले नगरपालिकासँग कार्य सम्पादन करार गर्ने व्यवस्था मिलाइने छ ।
- वडामा रहेका विद्यालयहरुको समग्र व्यवस्थापनमा वडा समितिलाई जिम्मेवार र जवाफदेही बनाउन आवश्यक कानुन तयार गरी कार्यान्वयनमा ल्याइने छ
- आगामी आर्थिक वर्ष देखि सामुदायिक विद्यालयमा जाने अनुदान रकमलाई त्रैमासिक निकासा दिने व्यवस्था मिलाइने छ।
- सकाई प्रभावकारीता वृद्धि गर्न र वर्तमान डिजिटाइजड वल्डमा डिजिटल सिकाई व्यवस्थापनका लागि सामुदायिक विद्यालयहरुको डिजिटल पूर्वाधार विकास,उच्च क्षमतायुक्त नेट सेवाको पहूँच अभिवृद्धि गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- आगामी आर्थिक वर्षमा सबै सरकारी शिक्षण संस्था र स्वास्थ्य संस्थाहरुमा उच्च क्षमताको ब्रोडब्याण्ड सेवको पहूँच विस्तार गर्ने संघ सरकारको निति तथा कार्यक्रम र बजेटको व्यवस्था कार्यान्वयनमा सहजीकरण गर्ने व्यवस्था मिलाइने छ ।
- सिकाई वातावरणमा सुधार , विद्यालयहरुको भौतिक पूर्वाधार सुदृढीकरण,ज्ञान आर्जनलाई व्यवहारिक र उत्पादनसँग जाड्न तथा सिकाईको मूल प्रवाहीकरण र स्थानीयकरण गर्न विशेष ध्यान पुयाइने छ ।
- नैतिक शिक्षा,नागरिक शिक्षा, सीपमूलक शिक्षा,रोजगारमूलक शिक्षा, नवप्रवर्तनशील शिक्षा, अभिभावक शिक्षा, प्राविधिक शिक्षा, गरिखाने शिक्षालाई अभियानकै रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

- शिक्षकहरुको क्षमता विकास,शिक्षा क्षेत्रमा विकसित नवप्रवर्तनशील मूल्य मान्यता, आर्दश, खोज अनुसन्धानबाट प्राप्त उपलब्धीसँग शिक्षकहरुलाई अद्यावधिक गराउन समसामिक र सान्दर्भिक रुपमा अभिमूखीकरण तालिमको व्यवस्था गरिने छ ।
- परीक्षा प्रणाली सुधार,रणनीतिक सिकाई, स्थानीय पाठ्यक्रमको निर्माण र त्यसको अद्यावधिकतामा जोड दिँदै समग्र शैक्षिक प्रकृया र उपलब्धीलाई सुधारोन्मूख बनाइने छ ।
- रिक्त शिक्षक पदपूर्ति र विद्यालय शिक्षकको दरबन्दी मिलान गर्न बृहत शैक्षिक समिलित समितिको गठन गर्ने र सो समितिले  दिएको प्रतिवेदनका आधारमा दरबन्दी मिलान गरिने छ ।
- उच्च प्राविधिक शिक्षा अध्ययनरत विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई मापदण्डका आधारमा शैक्षिक छात्रवृत्तिको व्यवस्था मिलाइने छ ।
- आर्थिक वर्ष २०८०।०८१ लाई खेल वर्ष घोषणा गरिने छ । जिल्ला स्तरीय रनिंगशिल्ड प्रतियोगिता श्री महादेव माध्यमिक विद्यालय फोइमहादेव आयोजना गर्दे यस नगरपालिकालाई जिल्लाकै खैल मैदानका रुपमा चिनाउने तथा खेल आयोजना मार्फत यहाँको पर्यटकीय सम्भावनालाई समेत प्रवर्द्धन गरिने छ ।
- शिक्षासँग मेयर कार्यक्रमलाई निरन्तरता दिईदै सो कार्यक्रमबाट  निर्माण हुने सामुदायिक विद्यालयका पूर्वाधार कार्यक्रम भन्दा छात्रवृद्धि तथा क्षमता विकासका कार्यक्रममा प्राथमिकता दिइने छ ।
- संस्कृतिको जगेर्ना गर्नका लागि यस तिलागुफा नगरपालिकामा १ ओटा संस्कृत विद्यालय संचालनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- तिलागुफा नगरपालिका वडा नं ३ स्थित श्री महादेव माध्यमिक विद्यालय फोइमहादेवलाई आवासीय विद्यालय स्थापनाका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- १ देखि ११ वडा सम्मको वालवालिकाको लागि बालहित कोष स्थापनाका लागि निरन्तरता दिइने छ ।
- यस नगरपालिकामा बाल कल्याण अधिकारी राख्ने निर्णय गरिएको छ ।

## २. स्वास्थ्य

- सबै स्वास्थ्य संस्थाहरुमा विद्युतिय सुचना तथा प्रविधि प्रणालीकाे विस्तार गरी व्यवस्थापन सुचना प्रणाली Online Reporting लागु गरिनेछ ।
- ५० प्रतिशत अनुदान रकम नगरपालिकाले सहयोग गर्ने गरी सबै घरधुरीलाई स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- नगर अस्पताललाई विशेषज्ञ चिकित्सक र प्रयोगशाला सहितको सुविधा प्रदान गर्न आवश्यक जनशक्तिको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वडामा रहेका आधारभुत स्वास्थ्य इकाईहरुलाई प्रसुती केन्द्रको सुविधा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- यस नगरपालिका भित्रका नागरिकहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुँच पुयाउन विशेषज्ञ चिकित्सक टोली सहित स्वास्थ्य शिविर संचालन गर्न कार्यलाई निरन्तरता दिइने छ ।
- बैकल्पिक चिकित्सा पद्धतिलाई प्रोत्साहन दिइने छ ।
- माध्यमिक विद्यालयहरुमा आधारभूत स्वास्थ्य सेवा सहित नसिंग सेवा व्यवस्था मिलाइने छ ।
- सुरक्षित मातृत्व तथा वाल पोषण कार्यक्रमलाई निरन्तरता दिदै अपांगता गर्भमै रोकथाम गर्नका लागि चौमासिक गर्भ जाँच र वडा स्तरमै गर्भवती महिलाहरुको निशुल्क भिडियो एक्सरे सेवा विस्तार गर्दे लग्ने निति अवलम्ब गरिने छ ।
- स्वास्थय शिक्षा र सचेतनाका कार्यक्रम सबै नागरिकहरुमा विस्तार गरिने छ ।

- प्रजन्न स्वास्थ्य,सुरक्षित मातृत्व र आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ । यसका लागि स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि र जिम्मेवारी बोध गराउने व्यवस्था मिलाइने छ भने अर्कोतिर स्वास्थ्य संस्थाहरुमा प्रसुति गराई मातृ शिशु सुरक्षाको प्रत्याभूति गराउन गर्भवती महिलाहरुलाई प्रोत्साहन गरिने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- जोखिममा रहेका,अति विपन्न दिर्घरोगीको उपचारका लागि संघ तथा प्रदेश सरकार अन्तर्गत सञ्चालित ठूला तथा विशिष्ट प्रकृतिका अस्पतालहरुबाट निशुल्क औषधोपचारका लागि आवश्यक समन्वय गरिने छ ।
- आधारभूत आयुर्वेदिक स्वास्थ्य सेवा प्रणालीको प्रवर्द्धन मार्फत स्थानीय रुपमा पाइने औषधी गुण भएका जडीबुटीहरुको प्रशोधन गरी आयुर्वेदिक सेवालाई नागरिकको प्राथमिक स्वास्थय उपचार पद्धतिका रुपमा नगरस्थित नागरिक आरोग्य केन्द्रलाई विकास गरिने छ ।

## ३. बहुक्षेत्रिय पोषण कार्यक्रम

- नगरपालिकालाई पोषणमैत्री बनाउन पोषणमैत्री स्थानिय तह बनाउने अभियान संचालन गरिनेछ ।
- एकिकृत पोषण संचालन  कार्यक्रमको दिगोपना र स्थानिय रैथाने अन्नहरुको प्रयोग गर्न अभिप्रेरित गरिनेछ ।
- पोषणका कार्यक्रमलाई प्रभावकारी संचालन र कार्यान्वयन गर्न वडा समिति, वडास्तरिय निर्देशक समिती, महिला स्वस्थ्य स्वयंसेविकालाई सक्रियरुपमा सहभागी गराईनेछ ।
- सुनौला हजार दिनका आमाहरुको स्वास्थ्य सुरक्षालाई सृदृढ बनाउन बहुक्षेत्रीय पोषण मार्फत विशेष व्यवस्था गरिने भने बालबालिकाहरुलाई कुपोषित हुनबाट जोगाउन पोषिलो लिटो उपलब्ध गराउने व्यवस्थालाई चुस्तदुरुस्त बनाइने छ ।

## ४. खानेपानी तथा सरसफाई

- खानेपानीका मुहानहरु पहिचान गरी विकास साझेदारहरुको सहयोगमा तिलागुफा नगरपालिकाको  जलउपयोग गुरु योजनामा उल्लेखित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्र स्वच्छ र सहजरुपमा खानेपानीको व्यवस्था गरिनेछ ।
- १ घर १ धाराको अभियान संचालन कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिकाका बजारक्षेत्रमा सुन्दर सफा बजार बनाउन फोहोर व्यवस्थापन गर्न सफाई कर्मचारीको आबश्यक व्यवस्था गरिनेछ । निश्चि ठाँउमा फोहोरमैला विस्थापन गर्ने कार्य गरिनेछ ।
- सम्भाव्यता अध्ययनका आधारमा तिलागुफा नगरपालिकामा बहुउपयोगी खानेपानी आयोजना संचालन गरिने छ ।
- शुद्ध पानी शुद्ध जिन्दगानी भन्ने संकल्पका साथ नगर सरकार नागरिकको शुद्ध एवं स्वच्छ पानीको आवश्यकता र अधिकारलाई व्यवहारिकतामा रुपान्तरण गर्ने दिशामा सधै अग्रसर हुनेछ ।
- नगर पालिकाका स्थानीय बजार क्षेत्रहरुमा ढल निकास तथा फोहोर व्यवस्थापनका लागि निश्चित मापदण्ड तयार गरी गाल्जे बजार, नाग्म बजार ,बालीघाट बजार र ठिन्के बजारको ढल निकास तथा फोहोर व्यवस्थापन कार्य योजना बनाई कार्यान्वयन गरिने छ ।

## ५. महिला, जेष्ठ नागरिक,एकल महिला, फरक क्षमता भएका व्यक्ति र बालबालिका

- सामाजिक आर्थिक रुपले पछाडि परेका विपन्न दलित एकल महिलाहरुको क्षमता विकास गर्न तालिमको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- एकल महिलाहरुको आय आर्जन आर्थिक शसक्तिकरणका लागि स्वास्थ्य तथा गरीबी न्यूनीकरणका लागि जनतासँग उपमेयर कार्यक्रमबाट थप अनुदानको व्यवस्था मिलाइने छ ।
- बालबालिकाहरुको हक अधिकार संरक्षण र संवर्द्धन गर्न समस्याको रुपमा रहेको बालविवाह न्युनिकरण गर्न सरोकारवाला सबैसँग समन्वय गर्दै आवश्यक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- बुवाआमा गुमाएका बालबालिकाको शिक्षा, सुरक्षा, संरक्षण, र स्वास्थ्यको सुनिश्चिता गरिने छ ।
- जेष्ठ नागरिकको आफना अनुभव आदान प्रदान गर्न र मनोरन्जन प्रदान गर्न प्रत्येक वडामा जेष्ठ नागरिक मिलनकेन्द्रको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाका २ । २ जना जेष्ठ नागरिकलाई सम्मान गर्ने ठोस निति लिइने छ ।
- जातिय छुवाछुतलाई अनत्य गर्न नगरपालिकाबाट जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरि विभिन्न सिपमूल, आयआर्जन कार्यक्रमहरु संचालन गरिने छ ।
- बालमैत्रि स्थानीय शासन घोषणा गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- सामाजिक असाहयपन,असक्तता,अपांगता र जोखि न्यूनीकरण गर्न यस्ता लक्षित समूहका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता लगायतका माध्यमबाट सामाजिक न्यायको वृहत लक्ष्य प्राप्तिमा स्थानीय सरकारको तर्फबाट योगदान गरिने छ ।
- समाजमा सबै प्रकारका अन्याय,शोषण र विभेद न्यूनीकरण र निर्मूल गर्ने दिशामा स्थानीय सरकार कार्यक्रमहरु जिम्मेवारपूर्ण ढगले प्रस्तुत गरिने छ ।

## आर्थिक विकास तर्फ

### १.कृषि विकास

- नगर पालिकामा रहेका कृषिको अवस्था किसान पहिचान प्राथमिकताका क्षेत्र पहिचान गरी आवश्यक रणनिति तयार गर्नका लागि कृषि गुरु योजना निर्माण गरिनेछ ।
- तिलागुफा नगरपालिका भित्रको भु बनोटको अध्ययन प्रतिवेदनका आधारमा गरिएको भू उपयोग क्षेत्र वर्गिकरणका आधारमा आवश्यकता पहिचान गरी कृषि पकेट क्षेत्र घोषणा कृषिमा आधुनिकीकरण गर्ने र कृषिमा आधुनितरिकाले उत्पादकत्व वृद्धि गरिनेछ ।
- खाद्यान्न फलफुल तरकारी बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न उन्नत जातको विउ, आवश्यक श्रोत र सीप प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- सबै वडाका किसानलाई कृषि सम्बन्धी आवश्यक ज्ञान सीप र बालिमा आईपर्ने रोग किरा जस्ता समस्याहरुको समाधान गर्न **कृषकसँग कृषि प्राविधिक कार्यक्रम** संचालन ल्याइनेछ ।
- रैथाने बालीहरुको प्रर्वद्धन गर्न किसानलाई **विउ पुँजि** प्रदान गरी बजारको सुनिश्चितता नगरपालिकाबाट गरिने व्यव्स्था मिलाईनेछ ।
- नगर पालिका स्तरीय कृषि संकलन केन्द्र तथा हाट बजारको लागि गाल्जे र नाग्ममा आवश्यकीय प्रवन्ध मिलाइने छ ।
- कृषकलाई प्राकृतिक प्रकोप र खेतिवालीमा लाग्ने किरा र अन्य रोगबाट हुने क्षेतिको न्युनिकरण गर्न **कृषि विमा कार्यक्रम** संचालन गरिनेछ ।
- कृषि उत्पादकत्व वृद्धि गर्न **सिँचाई पुर्वाधार**मा जोड दिइनेछ ।

- फलफुल खेतीको प्रवर्द्धन गर्न १ घर १ बगैंचा अभियानलाई संचालन गरिनेछ र यसको लागी किसानलाई आवश्यक प्राविधिक आर्थिक सहयोग प्रदान गर्न कार्याविधि बनाईनेछ ।
- कृषकले उत्पादन गरेका वस्तुहरुको सुरक्षण र भण्डारण गर्न शित गृह निर्माण गर्न पहल गरिनेछ ।
- नगरपालिका भित्र उत्पादन हुने रैथाने अर्गानिक बालिहरु जस्तै ओखर, सिमी मार्सी चामल, चिनु , कागुनु, जौ मकै आदीलाइ कृषकहरुबाट नगरपालिकाले खरिद गरि बजारीकरणको सुनिश्चितता प्रदान गरिनेछ । साथै उत्पादित बस्तुहरुको प्रशोधनका केन्द्र स्थापनाका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- प्रांगरिक मल (गोठेमल तथा कम्पोस्ट मल) उत्पादन गरि विक्रि वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- जिल्ला कृषि विकास कार्यलय कालीकोटसँग समन्वय गरी तिलागुफा नगरपालिकालाई प्रांगारिक नगरपालिका घोषणा गरिने छ ।
- "**एक घर ५ फलफूल विरुवा** " कार्यक्रम लागु गरिनेछ । भौतिक पूर्वाधार विकास र वातावरण विच सन्तुलन कायम राख्न नगरपालिकाको लगानीमा हुने भौतिक पूर्वाधार निर्माणमा अनिवार्य रुपमा विरुवा रोप्नुपर्ने निति लाई निरन्तरता दिइने छ ।
- नगरपालिकाभित्रको विद्यमान रहेको निर्बाहमुखी कृषि पेशालाई व्यवसायिक र उत्पादन मुखी बनाउन र कृषकहरुलाई प्रोत्साहन गर्न **एकिकृत कृषि बिकास परियोजना** मार्फत विभिन्न कार्यक्रम तर्जुमा गरिनेछ ।
- कृषिको आधुनिकरण र व्यवसायिककरण गरिने छ । कृषि उपजको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न उत्पादन क्षेत्र विस्तार, कृषि मल विउमा अनुदान,सहुलियत र प्रोत्साहना, कृषि पूर्वाधारको विकास , प्राविधिक सेवाको सहज उपलब्धता र कृषकहरुको क्षमता अभिवृद्धिमा विशेष जोड दिइने छ ।
- कृषि जन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्न उत्पादन क्षेत्र विस्तार,साना कृषि व्यवसायिक उत्पादन केन्द्र विकास,कृषि पूर्वाधार विकास, प्राविधिक सेवा तथा सहायताको उपलब्धता र कृषि अनुसन्धानमा जोड दिइने छ ।
- कृषियोग्य जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।व्यवसायिक कृषि खेती र कृषि उपज उत्पादनमा युवाहरुलाई प्रोत्साहित गरिने निति लिइनेछ ।
- स्थानीय रैथाने बाली र विउको संरक्षण र प्रवर्द्धन गरिने छ ।
- प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक एक वटा शीतगृह,कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गर्ने नेपाल सरकारको ०८०।०८१ को नीति तथा कार्यक्रम र बजेट व्यवस्थालाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

## २. पशु सेवा विकास

- ११ वटै वडामा रहेको पशुपञ्छी तथ्यांक संकलन गरी हाल नगरपालिकामा रहेको पशुपंक्षी जन्य पदार्थ निर्यात र आयातको वारेमा संरक्षण गर्न नगरस्तरिय पशुविकास आयजना प्रोफाईल तयार गरि पशुपालक कृषकलाई प्रोत्सान र सहयोग गर्ने नितिलाई निरन्तरता दिइने छ ।
- नगरपालिका भित्र दुध मासु र अण्डामा आत्मनिर्भर बनाउन पशुपालन क्षेत्रमा लाग्न युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायिक कुखुरापालन बाखापालन र कालिज पालन गर्ने किसान र समुहलाई आवश्यक प्राविधिक सहयोग र प्रोत्साहन प्रदान गरिनेछ ।
- पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न विपन्न र आर्थिक अवस्था कमजोर भएका लगनशिल किसानलाई पशु पैंचो कार्यक्रम लागु गरिनेछ ।

- कम उत्पादन क्षमता भएका पशुको बहिर्गमन गरी उन्नत नश्लका पशुपन्क्षीको आगमन गर्न र पशुजन्य उत्पादन बढाउन प्राकृतिक पशु प्रजननमा उन्नत पाडा, राँगा, बोका र साँडे वितरण गरिनेछ । कृतिम पशु प्रजननकोलागी राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरा र मातहतका निकायसँग समन्वय गरी कृतिम गर्भाधान सेवा विस्तार गर्न पहल गरिनेछ ।
- दुग्ध जन्य पदार्थ र मासुजन्य पदार्थको उत्पादनकोलागी भैसी पकेट क्षेत्र, बाख्रा पकेट क्षेत्र भेडा पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
- पशुधनको सुरक्षा गर्न पशु विमा कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायिक बाख्रा पालन, भेडापालन,भैसी पालन र मौरीपालनबाट स्थानीयको आय आर्जन वृद्धि गरी गरीबी न्यूनीकरणमा टेवा पुयाउन, उत्पादन,लागत साझेदारी र अन्य मापदण्डमा आधारित अनुदान र प्रोत्साहन जस्ता गतिविधि सञ्चालन गरिने छ ।
- लक्षित समूहको लागत साझेदारी समेत रहने गरी भैसीका लागि आधुनिक गोठ,भेडाबाख्राका लागि सुविधायुक्त एवं आधुनिक खोर निर्माण र उच्च प्रविधियुक्त मौरी घार निर्माण गर्न जोड दिदैं कृषि तथा पशु कार्यक्रममा लाग्न स्थानीयहरुलाई प्रोत्साहित गरिने छ ।

## ३. पर्यटन कला र संस्कृति

- परम्परागत चलिआएका चाडपर्व कला संस्कृति पैठ मेलाको विकास संरक्षण र संवर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ ।
- भैसिंगौंडा चिल्खाया रुडुबन्चु साँदी जलजला हुदैं रताडा सम्मको पर्यटन पदमार्गको विकास गरिनेछ ।
- नाग्म बजेडी पुगमालिका चुलिमालिका हुँदै खाँडाचक निस्कने पर्यटन पदमार्गको विकास गरिनेछ ।
- पदमार्गको आवश्यक स्थानमा विश्रामगृह शौचालय खानेपानी प्रतिक्षालयको व्यवस्था गरिनेछ ।
- बन्चु साँदी जलजला फुलबारी क्षेत्रलाई समेटेर संरक्षण क्षेत्र घोषणा गर्नकोलागी सम्भाव्यता अध्ययन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- तिलागुफाको वृहत्तर विकास गर्न प्रतिक्षालय, सार्वजनिक शौचालय खानेपानी बनभोज स्थल आदीको निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्थानिय लोक साहित्य कला संस्कृतिको अध्ययन र प्रकाशन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- पुगमालिका देवीको मन्दिर निर्माण गर्न र विश्रामस्थलको निर्माण गर्न आबश्यक बजेट व्यवस्था सहित आवश्यक पहल गरिनेछ ।
- नगरपालिका भित्रका पर्यटन क्षेत्रहरुको पहिचान गरि तिनीहरुको संरक्षण र सम्बर्द्धन गर्नकालागी सम्भाव्यता अध्ययन गरी **पर्यटन बिशेष कार्यक्रम** तर्जुमा गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि बजेडीचौरलाई मालिका पार्कको रुपमा विकास गरिनेछ ।
- पुगमालिका तिलागुफा र रुडु बन्चु क्षेत्रकको धार्मिक तथा पर्यटन पवर्द्धन गर्न आवश्यक ट्याकिंग रुट र केवलकारको सम्भाव्यता अध्ययनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- तिलागुफा नगरपालिकाको वडा नं ९ र ११ मा रहेको भटारीमा पर्यटन प्रवर्द्धनका लागि भटारी पर्यटन विमानस्थान निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ ।

## ३ पुर्वाधार विकास

- नगरपालिकाले निर्माण गर्ने पुर्वाधारका योजनाहरु प्रत्येक वडामा टोल विकास संस्था गठन गरी सो संस्था माफर्त गठन हुने उपभोक्ता समिति र समुदायमा आधाारित संस्थाहरुबाट संचालन गरिनेछ । तर प्रविधिक दृष्टिकोणले उपभोक्ता समुहले गर्न नसक्ने कामहरु ठेक्का प्रकृयाबाट संचालन गरिनेछ ।
- ट्याक खोलिएका ग्रामिण सडकहरुको स्तरोन्नती गर्न जाली नालीको व्यवस्था गरी ग्राभेल गर्न आवश्यक पहल गरिनेछ ।
- घर निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा भेलाबाट प्राथमिकिकरण गरि आएका योजनालाई बढि प्राथमिकतामा राखी सिफरिस तथा बजेट विनियोजन गर्ने नीति अबलम्बन गरिनेछ ।
- नगरपालिकाभित्रका भौतिक पुर्वाधारहरु सडक खानेपानी विद्युत र संचार सेवालाई प्रभावकारी बनाउन आबश्यक सुधार र स्तरउन्नतीका कार्य गरिनेछ ।
- नगरपालिकामा संघिय सरकार, प्रदेश सरकार र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुद्धारा संचालन हुने विकास परियोजनाहरुमा **साझेदारी** गरिनुका साथै श्रोतको सुनिश्चितता भएका परियोजनाहरुको परामर्श तथा **विस्तृत परियोजना प्रतिवेदन (DPR)** तयार गरी विकास निर्माण लाई प्रभावकारी बनाईनेछ
- नयाँ सडक बनाउने कार्यलाई निरुतसाहित गर्दै विद्ययमान सडकहरुको गुणस्तरीय स्तरोन्नतीको कार्यलाई प्रोत्साहित गरिने छ ।
- बाढीबाट पूर्ण रुपमा क्षति भएका भैसैगौडाको पुल, गाल्जेको पक्की पुल ,सेराभिडको पक्की पुल तथा विभिन्न क्षति ग्रस्त झोलुंगेपुलको निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका तथा नगर भित्र रहेका बेरोजगार व्यक्तिहरुलाई उनीहरुको सिप र क्षमताको पहिचान गरी स्वदेशमै रोजगारी बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम,मुख्यमन्त्री रोजगार कार्यक्रम र गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममा समाहित गर्दै स्वरोजगार गराइनेछ ।
- नगरपालिकामा सञ्चालन हुने निर्माण योजनामा स्थानीय जनशक्तिको प्रयोगलाई प्रोत्साहन दिने निति लिइने छ ।
- सडक तथा संरचनाहरु निर्माण गर्दा वन तथा वातावरणको क्षति न्यूनीकरण गर्ने उपाय वायो ईन्जिनियरिंग अवलम्वन गरी विकास निर्माण कार्यलाई अघि बढाइनेछ
- विकास आयोजनाहरु निर्धारित समय,लागत र गुणस्तरमा सम्पन्न गर्न सम्बन्धित पक्षलाई जिम्मेवार बनाउने व्यवस्था मिलाइने छ ।
- स्थानीय माग, आवश्यकता, प्राथमिकता र सहभागितमा आधारित विकास आयोजनाहरु सञ्चालन गर्नेतिर ध्यान केन्द्रित गरिने छ ।
- वृहत लाभग्राही एवं लक्षित वर्ग केन्द्रित,सम्पूर्ण समुदायको आर्थिक सामाजिक अवस्था रुपान्तरण सहयोग गर्ने र स्थानीय श्रोत,साधन,श्रम र प्रविधिमा सञ्चालन गर्न सकिने विकास आयोजना मात्र सञ्चालन गरिने छ ।
- विकास विनास ननिम्तियोस भन्ने मान्यताका साथ विकासका गतिविधि सञ्चालन गर्दा स्थानीय बसोबासलाई जोखिम कम हुने, वातावरण संरक्षण हुने,जैविक विविधता र स्थानीय पारिस्थितिक प्रणालीमा समेत प्रतिकूलता सृजना नहुने गरी विकासको सोच अगाडि बढाइने छ ।
- एकीकृत बस्ती विकास आयोजना मार्फत यस नगरपालिकाको वडा नं १ र ९ मा नमूना एकीकृत बस्तीको विकास गरिने छ ।
- तिलागुफा नगरपालिकाका गौरवका आयोजना संचालन गर्नका लागि नगर विकास कोषसँग आपसी समन्वय र साझेदारीमा आयोजना संचालन गरिने व्यवस्था मिलाइनेछ ।

## १. विद्युत तथा उर्जा

- विद्युत प्राधिकरण सँग समन्वय गरी नगरपालिकाका सबै बस्तीहरुमा राष्ट्रिय प्रशारण लाईनको विस्तार गरिनेछ ।
- वैकल्पिक उर्जा प्रवर्द्धनमा जोड दिईनेछ ।
- नगरपालिकाभित्र सम्भाव्यता अध्ययन गरी १ मेगावाट सम्मको जलविद्युत उत्पादन गर्न विशेष पहल गरिनेछ। साथै नगर भित्र सञ्चालनमा रहेका लघु जलविद्युत आयोजनाको मर्मत सम्भारका लागि आवश्यक प्रबन्ध मिलाइने छ ।
- धुवामुक्त नगरको रुपमा यस नगरपालिकालाई विकास गर्न सुधारिएको चुलो,बायोग्याँस,सौर्य उर्जा तथा नविकरणीय उर्जालाई प्रोत्साहित गरिने छ ।

## ४. संस्थागत विकास तथा सेवा प्रबाह शुशासन

### १ सामाजिक सुरक्षा कार्यक्रम

- तिलागुफा नगरपालिकाको एकिकृत प्रशासकिय भवन निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- समाजवाद उन्मूख लोक कल्याणकारी राज्यको अवधारणा बमोजिम सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई घुम्ती बैक सेवा मार्फत वडाको केन्द्रमा वितरण गरिने प्रवन्ध मिलाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई नेपाल इन्भेष्टमेन्ट बैंकसँग समन्वय गरी सहज ढंगले भत्ता वितरणको व्यवस्था मिलाईनेछ ।
- व्याक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा सम्बन्धी प्रत्येक वडामा सरोकारवालासँग अर्न्तकृया छलफललाई निरन्तरता दिइनेछ ।
- सामाजिक वञ्चितिकरण र सिमान्तीकरणको मूल प्रवाहिकरणका लागि स्थानीय सरकारको सम्पूर्ण शक्ति लगानी गरिने छ ।
- सामाजिक असाहयपन,असक्तता,अपांगता र जोखि न्यूनीकरण गर्न यस्ता लक्षित समूहका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता लगायतका माध्यमबाट सामाजिक न्यायको वृहत लक्ष्य प्राप्तिमा स्थानीय सरकारको तर्फबाट योगदान गरिने छ ।
- समाजमा सबै प्रकारका अन्याय,शोषण र विभेद न्यूनीकरण र निर्मूल गर्ने दिशामा स्थानीय सरकार कार्यक्रमहरु जिम्मेवारपूर्ण ढगले प्रस्तुत गरिने छ ।
- दिगो विकासका लक्ष्य हासिल गर्ने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमहरुबीच अन्तर सम्बन्ध कायम गरिने छ । दिगो विकास राष्ट्रिय लक्ष्यहरुको स्थानीकरण र मूल प्रवाहीकरण गरी कार्यान्वयनमा लिइने छ ।

तिलागुफा नगरपालिका, कालीकोट

### २ सुचना प्रविधि

- तिलागुफा नगरपालिकामा विद्यमान समस्याको रुपमा रहेको संचार सुविधालाई नागरिकको पहुँचमा पुर्‍याउन नेपाल टेलिकम र एन सेल कम्पनि सँग आवश्यक पहल गरिनेछ । यसका लागी नेपाल सरकार सुचना तथा संचार मन्त्रालयसँग अनुरोध गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहका कार्यक्रमलाई आधुनिक नविनतम प्रविधिको प्रयोग गरी शुशासन सहित डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह गर्दै उत्पादकत्व र उत्पादन अभिवृद्धि गरी आर्थिक सामाजिक रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।

- इन्टरनेट सेवा सुलभ सहज र सरलरुपमा प्रदान गर्न सेवा प्रदायक सँस्थाहरुको साझेदारीमा आवश्यक पुर्वाधार निर्माण गरी विद्यालय, स्वास्थ्य सँस्था र नगरपालिका मातहतका सबै कार्यालयमा विस्तार गरिनेछ ।
- तिलागुफा नगरपालिका भित्रका सबै वडाहरुको श्रोत नक्सांकन कार्यलाई सम्पन्न गरिनेछ ।
- नगरपालिकाले प्रदान गरिने सेवा, गरेका विकास निर्माण र योजनाहरुको जानकारी नागरिक तथा सरकारी तवरबाट हुने अनुगमनलाई प्रभावकारी बनाउन **नागरिक एप्स** को विकास गरि कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्र प्रयोग भैरहेका प्रणालीहरु वेवसाईट पोर्टल जस्ता सम्पुर्ण व्यवस्थापन प्रणालीलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका मातहतका कार्यालयहरुमा **ई हाजिरी र फेस स्क्यान हाजिरी** गर्ने व्यवस्था मिलाईनेछ ।
- तिलागुफा नगरपालिकामा रहेको प्रस्तावित एफ.एम.संचालनका लागि आवश्यक पर्ने निति निर्माण गरी संचालन प्रकृया अगाडि बढाईने छ ।
- यस नगर क्षेत्रभि टेलिफोन सेवाको क्षमता विस्तार गर्न सम्बन्धित जिम्मेवार पक्षसँग समन्वय गरेर नगरको सबै भौगोलिक क्षेत्रमा टेलिफोन सेवाको पहूँच प्रवर्द्धन गरिने छ । यसका लागि थप टावरको स्थापना तथा भएका टावरहरुको क्षमता बढाउन आवश्यक पहल गरिने छ ।
- फोरजी सेवा नगरभरी सञ्चालित हुने व्यवस्थाका लागि आवश्यक समन्वय गरिनेछ ।
- सामुदायिक विद्यालय,स्वास्थ्य संस्थाहरु र वडा कार्यालयहरुमा इन्टरनेट सेवा विस्तार गर्न संघ सरकारले अख्तियार गरेको नीति कार्यान्वयनमा सहजीकरण गरिने छ ।

## ३ प्रशासन संस्थागत विकास तथा शुशासन

- नगरपालिकाको आवधिक योजना बनाई योजना कार्यान्वयन गरिनेछ ।
- प्रशासनलाई प्रभावकारी बनाउन, सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र कर्मचारीलाई बदलिंदो परिस्थिती अनुसार सीप ज्ञान र क्षमता अभिवृद्धि गर्न विभिन्न किसिमको तालिम आयोजना गरिनेछ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति अबलम्बन गरिनेछ ।
- नगरपालिका भित्रका विषयगत शाखाका प्रमुखलाई जिम्मेवार बनाउन प्रमुख प्रशासकिय अधिकृतले कार्यसम्पादन सम्झौता गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका कर्मचारी, जनप्रतिनिधि, न्यायिक समिती, र विषयगत समितीको क्षमता अभिवृद्धि तालिमको आयोजना गरिनेछ ।
- सुचकांकको आधारमा वडा तथा जनप्रतिनिधीलाई सम्मान गर्ने कार्यक्रम गरिनेछ ।
- नगरपालिकाको शान्ती सुरक्षा अमन चयन कायम गर्नको लागी आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्र हुने कामलाई पारदर्शी चुस्त दुरुस्त र सहज बनाइ सेवा ग्राही नागरिकहरुलाई सुशासनको प्रतयाभूति दिन र गुनासो सुनुवाइ गर्न **कल सेन्टरको** व्यवस्था गरी साताको १ दिन **जनतासँग हेलो मेयर** संवाद कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका भित्र आईपर्ने राजनैतिक समस्या र कानुनी समस्या र विकास समृद्धिको विषयमा आवश्यक सल्लाह सुझाव दिनको लागि राजनैतिक, कानूनी तथा विकास सल्लाहकार विज्ञको व्यवस्था गरिने छ ।
- तिलागुफा नगरपालिकाको पर्यटन विकास, आर्थिक तथा भौतिक विकास,जल उपयोग,विपद् व्यवस्थापन, व्यापार , शिक्षा र स्वास्थय क्षेत्रमा साझेदारका लागि विशेष निति अवलम्बन गरिनुका साथै विराट नगर महानगरपालिका र ललितपुर महानगर पालिकाका साथै राष्ट्यि तथा अन्तराष्टिय संघ संस्थासँग भगिनी सम्बन्ध जोड्दै अघि बढिने छ ।

- उत्तरदायी स्थानीय सरकार, जिम्मेवार, व्यवसायिक, योग्य र सबल प्रशासनिक संयन्त्र भन्ने मूल मन्त्रका साथ नागरिकको सेवा प्राप्तिको प्रकृयालाई थप सहज र प्रभावकारी बनाइने छ
- विकास निर्माण र सेवा प्रवाह देखि रोजगारीका अवसरमा समन्याकिता र समावेशिताको मान्यता,निति, अभ्यास र आचरणलाई आत्मसात् गरिने छ ।

## ५ बन वातावरण तथा विपद व्यवस्थापन

- नगरपालिकामा पहिरोको जोखिम रहेको स्थानहरुको पहिचान गरि भुसंरक्षण र वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गराईनेछ ।
- बन पैदावारको चोरी निकासी तथा जंगल संरक्षण गर्न वन कार्यालय सँग समन्वय गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- विपद प्रतिकार्य योजनामा उल्लेखित कार्यक्रमहरुलाई यथाशिघ्र आगामी आ.व. २०८०।०८१ देखि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- हरियाली नगरको परिकल्पनालाई साकार पार्न नगरपालिकाको सिमाना चौखोला देखी नाग्म बजारसम्म कर्णाली राजमार्गको छेउमा वृक्षारोपण गर्ने कार्यको थालनी गरिनेछ ।
- नगरपालिककाको विभिन्न ठाँउमा बर्षाको पानीलाई पुर्नभरणको व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको बन ऐन २०८० बनाई लागु गरिनेछ ।
- सामुदायिक वन क्षेत्र विस्तार र व्यवस्थापनलाई व्यवस्थित बनाउने र निजि बाँझो जग्गामा उन्नत जातका फलफूलका रुख विरुवा लगाउन समुदायलाई प्रोत्साह गर्ने कार्यलाई अगाडि बढाइने छ । नांगाडाँडाँमा रुख रोपौं,प्रदूषण र विपद्बाट बचौं भन्ने नारालाई अभियानकै रुपमा सञ्चालन गरिने छ ।
- जलवायु परिवर्तनबाट सृजित र सृजना हुन सक्ने नकरात्मक प्रभाव न्यूनीकरणका लागि आवश्यक कार्यहरु गर्दै यसकै विचबाट उत्थानशील समाजको निर्माण गर्न स्थानीय रुपमा अनूकूलनका गतिविधिहरु सञ्चालन ल्याइने छ ।
- विपद् संवेदनशील मानवीय गतिविधि र विकास प्रणालीलाई प्रवर्द्धन गरिने छ । विपद्पूर्व विपद्लाई सकेसम्म रोक्न, छेक्ने र सूचिकृत गर्ने उपायहरु अवलम्बन गर्न प्रोत्साहित गरिने छ भने विपद्पछिको खोज, उद्धार,राहत पुर्नस्थापना र पुनर्निर्माणमा स्थानीय सरकारको तदारुकतालाई हरहमेशा बन्दोबस्ती मिलाइने छ ।
- यस नगरपालिकामा स्थापना भएका आपतकालीन सेवा केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।
- वातावरण संरक्षण प्राकृतिक श्रोत साधनको संरक्षण र जैविक विविधताका सवालहरुलाई प्राथमिकता दिइदै नगर पालिकाको स्वच्छता तथा सफा वातावरणमा नगरबासीको बाँच्न पाउने हकलाई संरक्षण गरिने छ र स्थानीय प्राकृतिक सौन्दर्यता र पर्यावरणलाई लोपलाग्दो बनाउदै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइने छ ।
- हरित विद्यालय, हरित स्वास्थ्य संस्था, हरित सडक, हरित मैत्री नमूना सामाजिक उद्यमशिलता प्रवर्द्धन जस्ता कार्यक्रमहरुलाई विशेष जोड दिइने छ ।

## ६. सिप विकास सम्बन्धी

- वैदेशिक रोजगारीबाट फर्केका तथा नगर भित्र रहेका बेरोजगार व्यक्तिहरुलाई उनीहरुको सिप र क्षमताको पहिचान गरी स्वदेशमै रोजगारी बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम,मुख्यमन्त्री रोजगार कार्यक्रम र गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममा समाहित गर्दै स्वरोजगार गराइनेछ ।
- नगरपालिकामा सञ्चालन हुने निर्माण योजनामा स्थानीय जनशक्तिको प्रयोगलाई प्रोत्साहन दिने निति लिइने छ ।
- लक्षित वर्गलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाकाो समन्वयमा सीपमुलक तालिम प्रदान गरी शसक्तिकरण गरिनेछ ।
- उद्यम गर्न चाहने युवाहरुलाई माग र आवश्यकता बमोजिम तालिम दिई स्वरोजगार बन्न अभिप्रेरित गरिनेछ । सिप परिक्षणमा उतिर्ण भएका युवाहरुलाई नगरभित्र संचालन हुने विकास निर्माणका कार्यमा रोजगारी प्रदान गरिनेछ ।
- स्थानिय श्रोत साधनमा आधारित स्वरोजगारी हुने सीपमुलक तालिम संचालनमा जोड दिईनेछ ।
- नगरपालिका भित्रका बेरोजगार युवाहरुलाई रोजगारी तर्फ उन्मुख गराउनकाालागी विभिन्न किसिमका सिपमुलक तालिम दिइने र सीप परिक्षण गर्ने व्यवस्था मिदाईनेछ । सीप परिक्षणमा उतिर्ण भएकाहरुलाई नगरपालिका भित्र संचालन हुने विकास निर्माणका कामहरुमा रोजगारीको अवसर प्रदान गरिनेछ यो काम रोजगारी तथा सीप विकास परियोजना मार्फत विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

## ७. आन्तरिक राजस्व तर्फ

- तिलागुफा नगरपालिकाको आन्तरिक राजस्व वृद्धि गर्नका लागि सार्वजनिक तथा सामुदायिक वनका उत्पादन,नदीजन्य उत्पादन (ढुंगा,गिटी,बालुबा तथा जलचर समेत ) कानूनले वर्जित गरेका बाहेक वन क्षेत्रका वन्यजन्तु एवं जडीबुटीको कारोवारलाई करको दायरामा ल्याइने छ । साथै नगरभित्र सञ्चालित सम्पूर्ण व्यवसायिक फर्म, वित्तिय संस्थालाई करको दायरामा ल्याउनका लागि शिविर सञ्चालन गरि प्रमाणपत्र जारी गरिने छ ।
- नगरपालिकामा सबैभन्दा बढि कर तिर्ने करदातालाई सम्मान गर्ने निती अबलम्बन गरिनेछ ।
- नगरपालिकामा सबैभन्दा बढि राजस्व बुझाउने वडालाई सम्मान गरिनेछ ।
- नगरपालिका भित्रको आन्तरिक राजश्वमा वृद्धि गर्न करको दायरा फराकिलो बनाईनेछ । स्थानिय कानुनको परिमार्जन गरिनेछ । यस नगरपालिका भित्र रहेका व्यापारिक केन्द्र नाग्म बजार, गाल्जे बजार लगायतका सम्पुर्ण व्यवसायीलाई करको दायरामा ल्याइनेछ ।
- राजस्व संकलनका प्रमुख श्रोतको रुपमा रहेका -जडिबुटि काष्ठ र गैरकाष्ठ क्षेत्रहरुको पहिचान गरि राजस्व संकलनका आवश्यक निति अवलम्बन गरिनेछ ।
- राजस्व संकलनमा सहयोग पुर्याउने अन्तर स्थानिय तह संघिय तथा प्रदेश सरकार निजी क्षेत्र र विकास साझेदारसँग समन्वय तथा अन्तरसम्वादलाई प्राथमिकतामा राखिनेछ ।
- यस तिलागुफा नगरपालिकाको ११ वटै वडाहरुमा राजस्व एकीकृत गर्नका लागि सप्टवेयरको संचालनका लागि आवश्यक प्रवन्ध मिलाएको छु ।

**अन्तमा**

आजको यस गरिमामय नगर सभामा प्रस्तुत गरिएको निति तथा विनियोजित बजेटबाट तिलागुफा नगरपालिकाको भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुयाउनु हुने नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, वडा अध्यक्ष लगायत

सम्पूर्ण पदाधिकारी नगर सभाका सदस्य कर्मचारी संचारकर्मी, नागरिक समाज लगायत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुयाउनु हुने सम्पूर्ण नगरबासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**महेन्द्र बहादुर शाही**
**नगर उपप्रमुख**
**तिलागुफा नगरपालिका कालीकोट**